factsheet

# सार्वभौम सीमा कारवाही (Operation Sovereign Borders)

## तथ्य पत्र: अष्ट्रेलियामा रहेका मानिसहरूका लागि जानकारी

### सार्वभौम सीमा कारवाही (Operation Sovereign Borders) के हो?

अष्ट्रेलिया सरकारले स्थापना सार्वभौम सीमा कारवाही (Operation Sovereign Borders) समुद्रबाट हुने मानव तस्करीको मुकाबला गर्न र अष्ट्रेलियाको सीमा सुरक्षा गर्नका लागि सैन्य नेतृत्वमा गरिएको सीमा सुरक्षा परिचालन हो।

मानव तस्करीको आपराधिक गतिविधि अन्त्य गर्न तथा असाहाय मानिसहरु असुरक्षित डुंगाहरूबाट अष्ट्रेलिया पुग्न आफ्नो जीवन जोखिममा राख्नबाट जोगाउन अष्ट्रेलिया प्रतिबद्ध रहेको छ।

पछिल्लो पटक मानब तस्कर डुंगा अष्ट्रेलियामा पुगेको तीन वर्ष भैसकेको छ। अष्ट्रेलियामा पुग्न खोज्ने सबै मानव तस्करीका डुंगाहरूलाई रोकेर तिनीहरुलाई जहाँबाट आएको हो त्यही मुलुकहरुमा फिर्ता पठाइएको छ।

### अष्ट्रेलियाको सिमाना सुरक्षा नीतिहरु के छन्?

अष्ट्रेलियाले समुद्रबाट हुने मानव तस्करीको मुकाबला गर्न तथा हत्तोतसाहित पार्न, समुन्द्रमा जीवन गुमाउनबाट रोक्न तथा अष्ट्रेलियाको सिमाना सुरक्षा गर्न कडा सिमा सुरक्षा नियन्त्रणहरू राखेको छ।

बिना भिसा डुंगाबाट अष्ट्रेलिया पुग्न खोज्ने जो कसैलाई पनि उनीहरू प्रस्थान गरेको मुलुकहरुमै फर्काईने छ, अष्ट्रेलियामा घर बसाउने बिकल्प छैन। तपाईको परिवार तथा साथीहरू बिना भिसा डुंगा चढ्नु भएमा उनीहरू अष्ट्रेलिया पुग्ने छैन।

### के यी नियमहरू सबैलाई लागू हुन्छ?

हुन्छ। अवैध रूपमा डुंगाबाट अष्ट्रेलिया यात्रा गर्ने जो कसैलाई पनि उनीहरू प्रस्थान गरेको मुलुकहरुमै फर्काईने छ। यो नियम सबैलाई लागू हुन्छ: परिवार, केटाकेटी, साथविनाका केटाकेटी, शिक्षित र दक्षलाई - यसमा कुनै अपवाद छैन।

## मानव तस्करहरूकोलाई नपत्याउनुस्, उनीहरू झूठ बोल्छन्...

हामीलाई थाहा छ मानव तस्करहरूले अष्ट्रेलियालाई घर बसाउन आतुर मानिसहरुलाई झूठा कुराहरू भन्दैछन्। मानव तस्करहरू अपराधीहरू हुन जस्ले तपाईको पैसा लिन्छ र तपाईको जीवन जोखिममा राखिदिन्छ।

मानव तस्करहरूले भन्लान कि अष्ट्रेलिया पुग्न सजिलो छ वा अष्ट्रेलियाले आफ्नो नीतिमा नरमी ल्याएको छ। उनीहरूको विश्वास नगर्नुहोस्! बिना वैध भिसा तपाई अष्ट्रेलियनमा घर बसाल्न सक्नु हुन्न। अष्ट्रेलियन सरकारले आफ्ने कडा अडान परिवर्तन गरेको छैन र गरिदैन पनि।

मानव तस्करहरूले तपाईमाथि यो कानून लाग्दैन वा कानूनमा चाडै परिवर्तन आउदैछ भनेर भनेमा तपाई नपत्याउनुस्। यो कानून तपाई तपाईमाथि लागु हुन्छ, यसमा कुनै अपवाद छैन।

अवैधरुपमा अष्ट्रेलियामा डुंगाबाट यात्रा गर्नेहरूलाई अष्ट्रेलियामा पुनर्वाशे गराईने छैन। तपाईको पैसा नफाल्नुहोस्। मानव तस्करहरूको झूटमा विश्वास नगर्नुहोस्।

## मेरा प्रियजनहरूले कसरी अष्ट्रेलियामा बसोबास गर्न सक्छ?

अष्ट्रेलियामा पुनर्वाशे गर्ने विचार गर्दै गरेकाहरूले, वा जसका अष्ट्रेलियामा पुनर्वाशे गर्ने विचार गर्दै गरेका साथीहरू र परिवार छन्, उनीहरूले सम्झनुपर्छ कि अष्ट्रेलिया आउने कानुनी तरिकाहरू छन् । यदि अवैधरुपमा अष्ट्रेलिया आउन खोजेमा अष्ट्रेलियामा कहिल्यै बसोबास गर्न पाउने छैन।

अष्ट्रेलिया सरकारको शरणार्थी तथा मानवीयता कार्यक्रम (Refugee and Humanitarian Program) अन्तर्गत, अध्यागमन र सीमा सुरक्षा विभाग (Department of Immigration and Border Protection) को अफसोर पुनर्वाशे कार्यक्रम छ। यस कार्यक्रम अन्तर्गत मानवीयता सहायता चाहिएका मानिसहरूलाई, जस्को स्थायी समाधान छैन, उनीहरूलाई अष्ट्रेलियामा पुनर्वाशे गराईन्छ।

अफसोर पुनर्वाशे कार्यक्रममा योग्य नभएकाहरूले, तथा अष्ट्रेलियामा आएर काम गर्न चाहनेहरूले, रोजगारी भिसाको लागि निबेदन दिनुपर्छ।

कानुनी आगमन तरिकाहरू बारे थप जानकारीका लागि अध्यागमन र सीमा सुरक्षा विभाग (Department of Immigration and Border Protection) को वेबसाईट http://www.border.gov.au/ हेर्नुहोस्।

January 2017_offshorefactsheet